## वस्तुगत प्रश्नोत्तर

१. **विश्व बसोवास दिवस २०२० को नारा के हो ?**
- (हङ्गर फर अल, अ बेटर अर्बन फ्युचर (सबैका लागि आवास : समृद्ध सहरी विकास)
- संयुक्त राष्ट्रसङ्घीय बसोवास कार्यक्रम (युन–ह्याविटेट)ले सन् १९८६ देखि प्रत्येक वर्ष अक्टोबरको पहिलो सोमबार विश्व बसोवास दिवस मनाउने निर्णय गरेअनुसार सन् २००१ देखि नेपालमा पनि यो दिवस मनाउँदै आइएको ।
- नेपालको संविधानको भाग–३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३७, धारा ४० को उपधारा ६ र धारा ४२ को उपधारा २ बाट आवासको हकलाई मौलिक हकका रूपमा अङ्गीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने तथा आवासविहीन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको ।
- नेपालको १५औँ योजनाको अन्त्यसम्ममा सुरक्षित आवासमा बसोवास गर्ने जनसङ्ख्या (राष्ट्रिय भवन संहिताको मापदण्डअनुसार निर्मित) ३७.८ प्रतिशतबाट ६० प्रतिशत पुर्‍याउने, आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार ८९ प्रतिशत पुर्‍याउने, विभिन्न तहका सरकारी तथा निजी क्षेत्रसमेतको सहभागितामा १० लाख आवास इकाइ तथा एक लाख आवासीय फ्ल्याट (तला) निर्माण गर्ने योजना रहेको ।

२. **केन्द्रीय तथ्याङ्क विभागद्वारा पहिलोपटक गरिएको राष्ट्रिय आर्थिक गणनाअनुसार जागिरेका रूपमा कार्यरत कर्मचारीको औसत मासिक तलब कति रहेको छ ?**
- रु. २० हजार ५४३ ।
- प्रतिवेदनअनुसार देशभर १७ लाख नौ हजार व्यक्ति विभिन्न सङ्घ संस्थामा तलब पाउनेगरी संलग्न रहेका ।
- संस्थाको प्रकृतिअनुसार मासिक औसत तलबमा पनि व्यापक अन्तर देखिएको । ठूला संस्थामा कार्यरत कर्मचारीको मासिक तलब औसतमा २६ हजार सात सय रुपियाँ, मध्यम किसिमका संस्थामा कार्यरतको २५ हजार आठ सय तथा साना प्रकृतिका संस्थामा कार्यरत कर्मचारीको मासिक औसत तलब १६ हजार सात सय ६८ रुपियाँ रहेको । ठूला संस्था र लघुप्रकृतिका संस्थामा कार्यरत कर्मचारीको मासिक तलब अन्तर नै १० हजार रुपियाँभन्दा बढी रहेको ।
- प्रतिवेदनअनुसार वार्षिक चार खर्व २१ अर्ब ३१ करोड रुपियाँ तलबबापत खर्च भएको देखिएको । यद्यपि, अध्ययनमा समेटिएका त्यस्ता संस्थाले आर्जन गरेको कुल आम्दानीमध्ये तलबको हिस्सा निकै कम रहेको । देशैभर गरी प्रतिवेदनले समेटेका दुई लाख १९ हजार तीन सय संस्थाले वार्षिक २४ खर्ब ८६ अर्ब ११ करोड आम्दानी गरेको पाइएको । त्यसमध्ये तलबसहित त्यस्ता संस्थाको वार्षिक खर्च १७ खर्ब ८३ अर्ब ३५ करोड रुपियाँ रहेको । बाँकी सात खर्ब दुई अर्ब ७५ करोड रुपियाँ नाफा आर्जन गरेको प्रतिवेदनले औँल्याएको । कुल आर्जनमध्ये नाफाको हिस्सा २८.३ प्रतिशत रहेको । त्यस्तै, तलबबापतको खर्च भने १६.९ प्रतिशतमात्र रहेको । अर्थात् कर्मचारीको तलबभन्दा यस्ता संस्थाले गरेको नाफा दुई खर्ब ८१ अर्ब रुपियाँ बढी रहेको ।
- अध्ययनमा विभिन्न २१ वटा क्षेत्रलाई वर्गीकरण गरी त्यसैअनुसार तथ्याङ्क सङ्कलन गरिएको । त्यसमध्ये दर्ता भएर सञ्चालनमा आएका संस्थाले वार्षिक चार खर्ब छ अर्ब र दर्ता नभई सञ्चालनमा रहेका उद्योग/संस्थाले वार्षिक १४ अर्ब ८४ करोड रुपियाँ तलब खर्च गरेको देखिएको ।

**धेरै तलब वितरण हुने जिल्लाहरू**

| जिल्ला | तलब |
|---|---|
| काठमाडौँ | १ खर्व ४० करोड |
| ललितपुर | ३१ अर्ब ९३ करोड |
| मोरङ | २० अर्ब ९१ करोड |
| रूपन्देही | १८ अर्ब ४५ करोड |
| कास्की | १८ अर्ब ३१ करोड |

**कम तलब वितरण हुने जिल्लाहरू**

| जिल्ला | तलब |
|---|---|
| रुकुम पूर्व | १० करोड |
| मनाङ | १० करोड ३० लाख |
| रसुवा | १७ करोड ३० लाख |
| डोल्पा | १९ करोड ५० लाख |
| हुम्ला | २९ करोड ८० लाख |

३. **नेपाल प्रज्ञा प्रतिष्ठानबाट 'अमरकोश'को प्रथम संस्करण कहिले प्रकाशित भएको हो ?**
- विक्रम संवत् २०२६ ।
(ऐतिहासिक महत्त्वको अमरग्रन्थ 'अमरकोश'को दोस्रो संस्करण २०७७ (प्रथम संस्करण प्रकाशित भएको ५१ वर्षपछि)मा प्रकाशित भएको ।)

४. **नेपालमा सुरक्षित गर्भपतनले कानुनी मान्यता कहिले पाएको हो ?**
- विसं २०५९ असोज १० ।
(१२ हप्तासम्मको गर्भपतनलाई मान्यता दिइएको । विशेष अवस्थामा २८ हप्तासम्मको गर्भलाई गर्भपतन गराउन ऐनले स्वीकृति दिएको ।)

५. **विश्व बैङ्कद्वारा सन् २०२० अक्टोबरमा प्रकाशित प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/०७८ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**
- ०.६ प्रतिशत ।
- सन् २०२० अक्टोबर ८ मा सार्वजनिक साउथ एसिया इकोनोमिक फोकस प्रतिवेदनमा सो कुरा उल्लेख भएको ।
- चालु आर्थिक वर्षको बजेट वक्तव्यमा नेपालको आर्थिक वृद्धिदर सात प्रतिशत हुने उल्लेख रहेको ।

६. **काठमाडौँ उपत्यकामा विद्युतीय बस सेवाको सुरुवात कहिलेदेखि गरिएको हो ?**
- विसं २०७६ भदौ २३ ।

७. **पशुपतिनाथमा सन्ध्याकालीन आरतीको थालनी कहिलेदेखि गरिएको हो ?**
- विसं २०६४ ।

८. **सन् २०२० या प्रदान गरिने चिकित्साशास्त्रतर्फको नोबल पुरस्कारबाट सम्मानित हुने वैज्ञानिक को–को हुन् ?**



- माइकल हटन (बेलायत), हार्भी अल्टर (अमेरिका) र चार्ल्स राइस (अमेरिका) ।
(हेपाटाइटिस 'सी' भाइरस पत्ता लगाउने तीन चिकित्साशास्त्रका वैज्ञानिकलाई यस वर्षको नोबल पुरस्कार प्रदान गरिएको । तीन वैज्ञानिकको आविष्कारले संसारमा लाखौँ व्यक्तिको ज्यान रक्षा गर्न मद्दत पुर्‍याएको नोबल पुरस्कार कमिटीले जनाएको ।)

९. **सन् २०२० मा भौतिकशास्त्रतर्फको नोबल पुरस्कार कसलाई प्रदान गरियो ?**
- रोजर पेनरोज (बेलायत), रेनहार्ड गेन्जेल (जर्मनी) र एन्ड्रिया गेज (अमेरिका) ।
(ब्रह्माण्डको सबैभन्दा ठूलो रहस्यमध्यको एक ब्ल्याक होलको अनुसन्धानमा पुर्‍याएको योगदानको कदरस्वरूप सो पुरस्कार प्रदान गरिएको ।)

१०. **सन् २०२० को साहित्यतर्फको नोबल पुरस्कार कसलाई प्रदान गरियो ?**
- अमेरिकी कवयित्री लुइस ग्लक ।
- अत्यन्तै सुन्दर शैलीमा व्यक्तिगत अस्तित्वलाई सार्वभौम बनाउने अतुलनीय काव्यात्यक सिर्जनाको कदर गर्दै उक्त पुरस्कार प्रदान गरिएको ।
- सन् १९०१ बाट सुरु भएको नोबल पुरस्कारको १ सय १९ वर्षको इतिहासमा दुईपटक साहित्यतर्फको पुरस्कार स्थगित हुन पुगेको । सन् १९४३ मा द्वितीय विश्वयुद्धका क्रममा पहिलोपटक स्थगित भएको थियो भने दास्रोपटक सन् २०१८ मा स्वीडिस एकेडेमीको निर्णायक मण्डलका सदस्य क्याट्रिनका पति र फ्रान्सिसी फोटोग्राफर जेन क्लोड अर्नाल्टमाथि यौनशोषणको आरोप लागेका कारण स्थगित गरिएको ।

११. **सन् २०२० को नोबल शान्ति पुरस्कार कसलाई प्रदान गरियो ?**
- विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ।
(खाद्यान्न सङ्कटबाट प्रभावित समक्ष सुरक्षित खाद्य सामग्री पुर्‍याउन गरेको कार्यका लागि ।)

१२. **सन् २०२० को रसायनशास्त्रतर्फको नोबल पुरस्कार कसलाई प्रदान गरियो ?**
- जेनिफर ए डाउड्ना (अमेरिका) र इम्म्यानुयल सार्पेन्टियर (फ्रान्स) ।
- जिनोम एडिटिङमा सटिक विधि पत्ता लगाएबापत उनीहरूलाई सो पुरस्कार प्रदान गरिएको । यस विधि र उपकरणको प्रयोगबाट शोधकर्ताहरू जनावर, बोटबिरुवा र सूक्ष्म जीवहरूको डीएनएमा अत्यन्तै सटिक हेरफेर गर्न सक्षम भएका ।
- अमेरिकी बायोकेमिस्ट जेनिफर ए डाउड्ना र फ्रेन्च माइक्रो–बायोलोजिस्ट इम्म्यानुयल संयुक्त रूपमा नोबल पुरस्कार पाउने पहिलो महिला हुन् भने रसायनशास्त्रतर्फको पुरस्कार जित्ने छैटौँ र सातौँ महिला हुन् ।

१३. **सन् २०२० को अर्थशास्त्रतर्फको नोबल पुरस्कार विजेता अर्थशास्त्री को हुन् ?**
- पल आर मिलग्रोम (अमेरिका) र रोबर्ट बी विल्सन (अमेरिका)

१४. **वाल्मीकि आश्रम कहाँ पर्छ ?**
- चितवन ।

१५. **प्रदेश ५ को प्रदेशसभा बैठकले प्रदेशको नाम के तय गरेको छ ?**
- लुम्बिनी (विसं २०७७ असोज २०) ।
- प्रदेशसभा बैठकले स्थायी राजधानी र प्रदेशको नामकरण दुईतिहाइ बहुमतबाट पारित गरेको ।
- यससँगै प्रदेशको स्थायी राजधानी दाङ जिल्लाको देउखुरी उपत्यका क्षेत्र तय भएको ।

१६. **नेपालको पहिलो वन्यजन्तु अस्पताल कहाँ स्थापना गरिएको छ ?**
- सौराहा (चितवन) ।

१७. **नेपाली सेनाद्वारा विसं २०७६ भदौ ११ मा सार्वजनिक गरिएको विस्तृत आयोजना प्रतिवेदनअनुसार काठमाडौँ–तराई द्रुत मार्ग (खोकना–निजगढ)को लम्बाइ कति कायम हुने उल्लेख छ ?**
- ७२.५ किमि ।
(यसअघि सो मार्ग ७६.२ किमि लम्बाइको हुने उल्लेख ।)

१८. **सन् २०३० सम्म पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधन प्रतिबन्ध गर्ने घोषणा कुन देशले गरेको छ ?**
- आयरल्यान्ड ।

१९. **पछिल्लोपटक प्रकाशित एक प्रतिवेदनअनुसार सबैभन्दा बढी इन्टरनेट प्रयोगकर्ता भएको राष्ट्र कुन हो ?**
- चीन ।

२०. **अमेरिकाले इरानी सैनिकलाई आतङ्कवादी सङ्गठन घोषणा कहिले गरेको हो ?**
- सन् २०१९ अप्रिल ९ ।
- विसं २०७६ वैशाख ५ (आव २०७६/७७ देखि) ।

२१. **विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्तरोन्नति गर्नेसम्बन्धी समझदारीपत्रमा कहिले हस्ताक्षर गरियो ?**
- विसं २०७७ असोज १९ ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रदेश सरकार र विराटनगर महानगरपालिकाबीच त्रिपक्षीय समझदारीपत्रमा पाँच वर्षमा सम्पन्न गर्ने लक्ष्य भएको ।
- प्राधिकरणमातहतमा रहेको विमानस्थल स्तरोन्नतिका लागि प्रदेश सरकार र विराटनगर महानगरपालिका पनि लागत साझेदारी गर्ने । आयोजनाका लागि आठ अर्ब रुपियाँ लागत अनुमान गरिएको ।

२२. **बुटवल र नेपालगन्जमा 'हर्न' निषेधको घोषणा कहिले गरिएको हो ?**
- विसं २०७५ मङ्सिर १ ।

२३. **सोह्रौँ शताब्दीका महान् वैज्ञानिक ग्यालिलियोद्वारा परीक्षण अघि बढाइएको विस्थापनको सूत्रसम्बन्धी वैज्ञानिक योगदानलाई पूर्णता दिन सफल नेपाली वैज्ञानिक को हुन् ?**
- भविन्द्र कुँवर (म्याग्दी) ।

२४. **सन् २०१८ मा आफूलाई औपचारिक रूपमा यहुदी राष्ट्र घोषणा गर्ने देश कुन हो ?**
- इजरायल ।

२५. **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा इन्टरनेटबाट अश्लील सामग्रीको आदान–प्रदान, प्रकाशन एवम् प्रसारणमा बन्देज कहिले लगाइएको हो ?**
- विसं २०७५ असोज ५ ।

२६. **३० माइक्रोनभन्दा कम मोटाइको प्लास्टिक प्रयोगमा रोक लगाउनेसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश कहिले दिइएको थियो ?**
- विसं २०७५ भदौ १७ ।

२७. **कृषि आम्दानीको झन्डै दुईतिहाइ हिस्सा अलैँची खेतीले ओगट्ने जिल्ला कुन हो ?**
- ताप्लेजुङ ।

२८. **प्रशासन पुनःसंरचना आयोग, २०६५ रेखा शर्माको अध्यक्षतामा गठन गरिएको थियो भने प्रशासन सुधार सुझाव समिति–२०६९ कसको अध्यक्षतामा गठन गरियो ?**
- काशीराज दाहाल ।

२९. **अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस कहिलेदेखि मनाउन थालिएको हो ? (गिद्धको फोटो है केशवजी)**
- सन् २००९ ।
- विश्वमै लोपोन्मुख अवस्थामा पुग्न लागेपछि यसको संरक्षणमा सहभागिता जुटाउन गिद्ध सचेतना दिवस मनाउन थालिएको ।
- सिनो खाएर वातावरण सफा गर्ने भएकाले गिद्धलाई प्रकृतिको कुचीकार भनी चिनिने ।
- विश्वमा २३ प्रजाति र दक्षिण एसियामा नौ प्रजातिका गिद्ध पाइने ।
- गिद्ध विनाशको प्रमुख कारण पशुको उपचारमा प्रयोग गरिने औषधि डाइक्लोफेनेक रहेको ।
- नेपालमा गिद्ध संरक्षणका लागि गिद्धलाई शुद्ध आहारा उपलब्ध गराउन देशभर आधा दर्जनभन्दा बढी स्थानमा जटायु रेस्टुरेन्ट सञ्चालनमा ल्याइएको । सन् २०१५ देखि २०१९ सम्म गिद्ध संरक्षण कार्ययोजना बनाएर संरक्षणको कार्य अघि बढाइएको ।

३०. **गिद्ध प्रजनन केन्द्र चितवनमा रहेको छ भने सारस प्रजनन केन्द्र कहाँ रहेको छ ?**
- कपिलवस्तु ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# आर्थिक कूटनीति के हो ?



१. **आर्थिक कूटनीति भनेको के हो ? नेपालको आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउने उपायहरू चर्चा गर्नुहोस् ।**

मुलुकको आर्थिक हितलाई ध्यानमा राखी मित्रराष्ट्र एवम् अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध बढाउने, सहयोग लिने दिने, समझदारी र समन्वय गर्दै देशको अर्थतन्त्रलाई सबल बनाउने कार्यलाई आर्थिक कूटनीति भनिन्छ । यो विदेश नीतिको अर्को प्रमुख पाटो हो । यो अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तार हो, जसमा शुद्ध कूटनीतिक क्रियाकलापबाहेकका अरू कार्य जस्तै : वैदेशिक व्यापारको विस्तार र विविधीकरण, वैदेशिक लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगारी प्रवर्द्धन, विदेशमा कार्यरत नेपाली श्रमिकको हक–हित संरक्षण, मानव संशाधन विकास, पर्यटन प्रवर्द्धन, क्षेत्रीय तथा प्रादेशिक सम्बन्ध विस्तार आदि जस्ता कार्य पर्छन् । यसले मुलुकको पहिचान बढाउनुको साथै आर्थिक परनिर्भरता होइन, आपसी आर्थिक अन्तरनिर्भरता कायम गर्न मद्दत गर्छ ।

- आर्थिक कूटनीतिलाई व्यवस्थित गर्न आवश्यक पर्ने निकायहरू
- आर्थिक कूटनीतिअन्तर्गत अर्थतन्त्रका अनेक विषय पर्ने भएकाले यो एक बहुआयामिक विषय हो । त्यसैले यसलाई व्यवस्थित गर्न सरकारी निकायमात्र नभएर, बहुनिकायको संलग्नता र तिनको भूमिका आवश्यकता पर्न सक्छ । यसलाई व्यवस्थित गर्न आवश्यक पर्ने निकायहरूलाई निम्नअनुसार पहिचान गर्न सकिन्छ :
- नेपाल सरकार, परराष्ट्र मन्त्रालय,
- विदेशस्थित नेपाली राजदूतावास,
- विदेशस्थित महावाणिज्य दूतावास,
- विदेशस्थित श्रम सहचारी,
- गैरआवासीय नेपाली र तिनीहरूको सङ्गठन,
- नेपाल पर्यटन बोर्ड,
- निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाहरू जस्तै : उद्योग वाणिज्य महासङ्घ, उद्योग परिसङ्घ, घरेलु तथा साना उद्योग महासङ्घ, महिला उद्यमी महासङ्घ आदि ।
- नेपालको आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउने उपायहरू
- नेपालको आर्थिक कूटनीति प्रभावकारी बनाउन नेपालको संविधानको धारा ५१ (ड) मा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिको व्यवस्था गरिएको छ । निजी क्षेत्रका संस्था एवम् उद्यमीहरू पनि आ–आफ्नो क्षेत्रबाट अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तारमा क्रियाशील छन् र पनि नेपालको आर्थिक कूटनीति प्रभावकारी हुन सकेको छैन । यसका लागि निम्नउपायहरू अवलम्बन गर्नुपर्छ :
- विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले नेपालमा लगानीको अवसर, कानुनी वातावरण, व्यापार अवस्था, पर्यटनका सम्भावनाजस्ता आर्थिक हितका विषयमा व्यापक प्रचार–प्रसार गर्ने, द्विपक्षीय तथा क्षेत्रीय वार्ताहरूका मञ्चमा यस्ता विषय प्रस्तुत गर्ने,
- परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगको भूमिकालाई अरू थप प्रभावकारी बनाउने, यसका लागि दरबन्दी थप गर्ने, स्रोत साधन उपलब्ध गराउने, क्षमता अभिवृद्धि गर्ने,
- आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखी समन्वयात्मक रूपमा काम गर्ने स्थायी संयन्त्र निर्माण गर्ने, यससम्बन्धी नयाँ कानुन निर्माण गरी कानुनी आधार तयार गर्ने,
- निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतासाथ अगाडि बढाउँदै निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाहरूको भूमिका र सहभागिता बढाउने,
- गैरआवासीय नेपाली र तिनीहरूको भूमिका बढाउने, सहयोग र समन्वय विस्तार गर्ने,
- परराष्ट्र नीति तथा आर्थिक कूटनीतिलाई प्रमुख माध्यमका रूपमा प्रयोग गरी नेपालको आर्थिक हितका विषयमा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्बन्ध तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनलाई क्रियाशील र सुदृढ गर्ने,
- नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रका अन्य प्रतिनिधिमूलक सङ्घ सङ्गठनहरूले विदेशमा पर्यटन मेला, नेपाली साँस्कृतिक मेला, साङ्गीतिक कार्यक्रम, व्यापार मेलाजस्ता अरू कार्यक्रम आयोजना गर्ने, प्रचार–प्रसार गर्ने, नेपालको आर्थिक विकासका बारेमा अन्तर्राष्ट्रिय सम्बन्ध बढाउने, सुदृढ गर्ने ।

२. **नेपालको वित्तीय प्रणालीमा अधिक तरलता हुनुका कारण, यसको प्रभाव र तरलता व्यस्थापनका उपायहरूबारे चर्चा गर्नुहोस् ।**

बैङ्क तथा वित्तीय संस्थामा बचत अर्थात् निक्षेप बढ्दै जानु तर ऋण परिचालन एवम् लगानी नबढेर बैङ्कमा रकम थुप्रिनु अधिक तरलता हो । नेपालको वित्तीय प्रणालीमा तरलता व्यवस्थापनका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था भए पनि नेपालको अर्थतन्त्रमा यो कार्य पेचिलो हुँदै आएको छ । नेपालको अर्थ व्यवस्थामा अधिक तरलता हुनुका कारण, यसको प्रभाव र यसको व्यवस्थापनका उपायहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**अधिक तरलता हुनुका कारण**
- नयाँ कर्जाको माग नहुनु,
- निक्षेप जम्मा भइरहनु,
- सरकारले आन्तरिक ऋण नउठाउनु,
- बैङ्क तथा वित्तीय संस्थाको ऋण प्रवाह गर्ने प्रक्रिया जटिल हुनु,
- लगानीका नयाँ नयाँ क्षेत्र पहिचान गर्न नसक्नु,
- सरोकारवाला निकाय जस्तै : नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्था, उद्योगी व्यवसायी एवम् लगानीकर्ता आदि बीच समन्वय हुन नसक्नु,
- मुलुकमा लगानीका लागि अनुकूल वातावरण नहुनु,
- बैङ्क तथा वित्तीय संस्थाले जोखिम लिन नसक्नु,
- नियामक निकाय नेपाल राष्ट्र बैङ्कको नियमन, निर्देशन एवम् निरीक्षण प्रभावकारी हुन नसक्नु ।

**अधिक तरलताको प्रभाव**
- निक्षेपकर्ताको बचतको व्याजदर घट्नु,
- नयाँ कर्जाको माग नहुने तर निक्षेपमा व्याज तिर्नुपर्ने भएकाले बैङ्कहरूको खर्च/लागत बढ्नु,
- निक्षेपमा व्याजदर कम हुँदा नागरिकले बैङ्क तथा वित्तीय संस्थामा कम बचत गर्ने अवस्था सिर्जना हुने,
- नागरिकमा नगद बढ्न सक्छ, यसबाट दुई बेफाइदा हुन्छन् : त्यो नगद अनुत्पादक क्षेत्रमा प्रवाह हुन सक्छ, अनि त्यो नगद अनौपचारिक माध्यमबाट विदेश पलायन हुन सक्छ,
- अधिक तरलताले मुलुकमा लगानीको वातावरण प्रतिकूल भएको ठहर हुँदै विदेशी लगानीसमेत नआउन सक्छ,
- आर्थिक, सामाजिक एवम् पुँजी निर्माणका कार्यहरू प्रभावित हुन सक्ने ।

**तरलता व्यवस्थापनका उपायहरू**
- कर्जा प्रवाहमा प्रोत्साहनको व्यवस्था गर्ने, नयाँ कर्जा माग बढाउने,
- सरकारले आन्तरिक ऋण उठाउने, यसबाट सरकारलाई दुईवटा फाइदा हुन सक्छ, पहिलो ऋणको व्याजदर सस्तो पर्ने, दोस्रो लगानीको वातावरणमा अनुकूल प्रभाव पर्ने,
- लगानीका नयाँ क्षेत्रहरू पहिचान गर्ने, जस्तै : व्यावसायिक कृषिका क्षेत्रमा ऋण दिने, युवा उद्यमी समूह निर्माण गर्दै ऋण दिने,
- समस्यामा परिरहेका उद्यम व्यवसायलाई थप ऋण दिने,
- थप आर्थिक गतिविधि बढाउन नीतिगत नयाँ पहल गर्ने,
- विकास निर्माणका कार्यलाई थप प्रभावकारी बनाउने,
- डिजिटल अर्थतन्त्रका नयाँ–नयाँ अवसरहरू खोजिनिती गर्ने,
- ऋण प्रवाहका प्रक्रिया, विधि, मापदण्ड सरल र व्यावहारिक बनाउने,
- ऋण प्रवाहमा संस्थाको नाफा घाटामात्र नहेर्ने, बैङ्क तथा वित्तीय संस्थाले ऋणीको व्यवहार हेरेर सामान्य जोखिम पनि लिने,
- नेपाल सरकार, अर्थ मन्त्रालयले लगानीको अनुकूल वातावरण तयार गर्ने,
- नियमनकारी निकायका रूपमा रहेको नेपाल राष्ट्र बैङ्कले सूक्ष्म निगरानी राख्ने, दूरदर्शी नीति लिने ।
- लगानी नभई बैङ्कमा लगानीयोग्य पुँजी (हाल : करिब दुई खर्ब जति) थुप्रिनुले अर्थतन्त्रको चक्र नै प्रभावित हुन सक्छ । अर्थतन्त्रमा सामान्य सङ्कट आउँदा लगानी हुन नसक्ने र सामान्य उत्साह आउँदा बैङ्कबाट ऋण नै पाउन नसक्ने अवस्था आउनुमा नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्थालगायतका जिम्मेवार निकायले समयमै अध्ययन विश्लेषण गरी दूरदर्शी निर्णय लिनुपर्ने देखिन्छ ।

३. **नेपालको निजामती सेवामा देखिएका समस्याहरू उल्लेख गर्दै यो सेवालाई जनमुखी बनाउने उपायहरू के–के हुन् ? प्रस्ट पार्नुहोस् ।**

राज्यकोषबाट तलब सुविधा पाउने, विशिष्ट ज्ञान, सीप, क्षमता भएका, स्थायी प्रकृतिका कर्मचारीहरूको पेशागत समूह निजामती सेवा हो । निजामती सेवा राजनीतिप्रति तटस्थ र सरकारका नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध हुँदै ऐन नियम कानुनको निष्पक्ष कार्यान्वयन गरेर देश र जनताको सेवा गर्नु यसको मूलभूत उद्देश्य हो । नेपालमा निजामती सेवालाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि मुलुकको निजामती सेवा जनमुखी भएको पाइँदैन । यसमा देखिएका समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सङ्घीय संरचनाअनुरूपको कानुनी तथा संस्थागत व्यवस्था प्रभावकारी हुन नसक्नु । सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनको कार्य अन्त्य नहुनु । प्रदेश तथा स्थानीय तहमा कर्मचारी प्रशासनका कार्यमा सङ्घीय निजामती सेवा ऐनको अभावमा समस्या आउनु । प्रदेश र स्थानीय तहका कर्मचारीको सरुवामा तीन तहका सरकारबीच समन्वय हुन नसक्नु,
- भविष्यको निजामती सेवा कस्तो हुने ? भन्नेसम्बन्धमा कार्ययोजनासहितको स्पष्ट दीर्घकालीन नीतिको अभाव हुनु,
- सङ्गठन संरचना, कर्मचारी सङ्ख्या तथा कार्यबोझ नमिल्दा कार्यसम्पादन नतिजामुखी हुन नसक्नु,
- कर्मचारीको तलब सुविधा समसामयिक एवम् सान्दर्भिक हुन नसक्नु, प्रोत्साहन एवम् उत्प्रेरणाको अवस्था कमजोर हुनु,
- कर्मचारीका वृत्तिविकासका आधारहरू पारदर्शी, वैज्ञानिक र न्यायिक नहुनु । कार्यसम्पादनका आधारमा नहुनु,
- निजामती सेवाले गर्ने प्रत्येक कार्यप्रणाली सरल एवम् आधुनिक हुन नसक्नु, आधुनिक प्रविधिको उच्चतम प्रयोगमा ढिलाइ हुँदा परम्परागत कार्यप्रणाली र संस्कार हाबी हुनु,
- कर्मचारीहरूको आचरण व्यवहारमा लोकतान्त्रिक मूल्य–मान्यताअनुरूपको सुधार हुन नसक्नु आदि ।

**निजामती सेवालाई जनमुखी बनाउने उपायहरू**
- सङ्घीय निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवाका वृत्तिविकासका पक्षमा स्थिरता एवम् पारदर्शिता ल्याई निजामती सेवालाई जिम्मेवार बनाउने,
- स्पष्ट उद्देश्य एवम् लक्ष्यसहितको दीर्घकालीन नीति तर्जुमा गरी प्रदेश र स्थानीय तहसम्म कार्यान्वयन गर्ने,
- प्रदेश र स्थानीय तहका कर्मचारीको सरुवामा स्पष्ट मापदण्ड तय गरी तीन तहका सरकारबीच प्रभावकारी समन्वय कायम गर्ने,
- कार्यबोझका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी संस्थागत संयन्त्रलाई चुस्त दुरुस्त बनाउने,
- प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कामका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने, काम गर्ने र काम नगर्ने कर्मचारीलाई समान व्यवहार नगर्ने,
- बजारमा भएका नवप्रतिभालाई निजामती सेवामा ल्याउन कार्ययोजना बनाउने, रिक्त पदमा पदपूर्ति गर्ने कार्यलाई छिटोछरितो बनाउने, वर्षमा दुईपटक लोकसेवा आयोगको विज्ञापन गर्ने व्यवस्था गर्ने,
- तलबलाई न्यूनतम तलब र कार्यसम्पादनका आधारमा पाउने तलब गरी दुई भागमा व्यवस्थित गर्ने,
- सरुवा, बढुवा, पदस्थापन, तालिमजस्ता पक्षलाई पारदर्शी, अनुमानयोग्य एवम् वैज्ञानिक बनाउने, यस्ता पक्षमा सकेसम्म प्रस्ट मापदण्ड तय गरी स्वच्छता कायम गर्ने,
- यो सेवामा राजनीतिक हस्तक्षेप रोक्न सचिव र मन्त्रीको स्पष्ट कार्यविभाजन गर्ने,
- सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरूबीच कार्यगत समन्वय कायम गर्नुपर्ने, आधुनिक प्रविधिको उच्चतम उपयोग गरी सेवा प्रवाहलाई पूर्णतया कम्प्युटर प्रणालीमा आबद्ध गर्ने,
- कर्मचारीको आचरण र व्यवहारमा सुधार ल्याउन विभिन्न प्रोत्साहन तथा तालिम व्यवस्था गर्ने,
- प्रक्रियालाई नतिजासँग आबद्ध गरी कार्यप्रणालीमा सुधार गर्ने,
- सूचकका आधारमा निरन्तर अनुगमन र मूल्याङ्कन गरी यसलाई पुरस्कार र दण्डसँग आबद्ध गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL